# १११५ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवस (८ मार्च २०२५)

## अन्तर्राष्ट्रिय नाराः- TO ALL WOMEN AND GIRLS RIGH:EQUALITY AND EMPOWERMENT

## राष्ट्रिय नाराः- " सबै महिला तथा बालबालिकाको लागिः अधिकार, समानता र सशक्तिकरण"

## ११५ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवस २०२५ बेलका नगरपालिकाको अवधारणा-पत्र

### पृष्ठभूमि

महिलाको सामाजिक, आर्थिक, साँस्कृतिक र राजनीतिक उपलब्धीहरुको समिक्षा गर्दै मार्च ८ लाई विश्वभर अन्तराष्ट्रिय श्रमिक महिला दिवसको रुपमा प्रत्येक वर्ष मनाउने गरिन्छ। यो वर्ष पनि ८ मार्च, २०२५ का दिन ११५ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवस विश्वभर साझा अभियानका रुपमा मनाईदैं छ। संयुक्त राष्ट्रसंघबाट TO ALL WOMEN AND GIRLS RIGH:EQUALITY AND EMPOWERMENT भन्ने अन्तराष्ट्रियनारा तय भएको छ भने नेपालमा " सबै महिला तथा बालबालिकाको लागिः अधिकार, समानता र सशक्तिकरण" भन्ने राष्ट्रिय नाराका साथ यो दिवस मनाउन नेपाल सरकारले आव्हान गरेको छ।महिलाको सामाजिक, आर्थिक, साँस्कृतिक र राजनीतिक क्षेत्रमा समान अधिकारका लागि सुरु भएको महिला दिवस मनाउन थालेको ११५ वर्षको दिन महिला तथा बालबालिकाको अधिकार, समानता र सशक्तिकरण गरे मात्र समुन्नत राष्ट्र बनाउने राज्यको सपना पुरा गर्न सकिने कुरालाई मनन गरी आज सबै महिला तथा बालबालिकाको लागीः अधिकार, समानता र सशक्तिकरण भन्ने राष्ट्रिय नाराका साथ ११५ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउन गईरहेका छौं।

महिलाविरुद्ध हुने शोषण, श्रम शोषण, दमन, अमानवीय व्यवहारविरुद्ध र पितृसत्तात्मक विभेदविरुद्धको महिला मानवअधिकार रक्षकहरुले मानव अधिकार प्रवर्द्धन, संरक्षण र महिला आन्दोलनमा गरेको योगदानको अपरिहार्य भूमिकाको स्मरण गराउने दिनको रुपमा पनि यस दिनलाई मनाईन्छ। यसरी हरेक वर्ष मनाउने गरिएको अन्तर्राष्ट्रिय महिला श्रमिक दिवसमा सर्वाङ्गिण पक्षमा महिलाको समान सहभागितालाई ध्यानाकर्षण गर्ने गरेको पाईन्छ भने आर्थिक, राजनीतिक र सामाजिक क्षेत्रमा महिलाहरुको स्थिति के छ भनि विश्लेषण गर्दै निरन्तरको असमान शक्ति सम्बन्धबारे चेतना जगाउनका लागि विभिन्न अभियान, आन्दोलन र प्रदर्शन गर्ने गरिएको छ।

### अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको इतिहासः

औधोगिक क्रान्ति बेलायत, युरोपेली महादेश र संयुक्त राज्य अमेरिकामा सन् १७६० देखि १८२० सम्म र सन् १८४० को समयको नयाँ उत्पादन प्रक्रियाको सङ्क्रमणकाल थियो। यस सङ्क्रमणकालमा हाते उत्पादन विधिलाई मेसिन कलकारखानाले विस्थापन गर्यो। कलकारखानाको विकासका कारण श्रमिकको माग बढ्दै जाँदा महिला पनि घरबाहिरको उत्पादनमा भाग लिन थाले। तर उनीहरुलाई दिईने तलब कम र समय अनिश्चित थियो।कम पारिश्रमिक र लामो समय काम गर्नु पर्ने, महिलाका आवश्यकता (जस्तो महिनावारी, बिरामी र

सुत्केरी अवस्था) मा वेवास्ता लगायतका व्यवहारले महिलामा असन्तुष्टी बढ्दै जान थाल्यो। महिलाविरुद्ध हुने शोषण, दमन र अमानवीय व्यवहारविरुद्ध महिलाहरुले आवाज उठाउन थाले।सन् १७७९ मा सबैभन्दा पहिला बेलायतीकी महिला मेरी वोल्स्टोनक्राफ्टले महिला अधिकारका बारेमा आवाज उठाउँदै पुरुषप्रधान शासन व्यवस्थाको विरोध गर्दै राज्य संयन्त्रमा महिलाको समान अधिकारको माग गरिन।उनको यस कदमको पक्ष र विपक्षमा बहस सुरु भयो। उनी भने अभियानमा निरन्तर लागिरहिन। पछि उनले समाजवाद र महिला ( सोसियोलिज्म एन्ड विमेन) नामको निकै गहकिलो पुस्तक प्रकाशन गरिन् । यसको १० बर्षपछि १७८९ अक्टोवरमा पेरिसका गरिव र श्रमजीवि महिला चरम महँगीको विरोधमा जुलुस र धर्नामा पुगे। श्रमजीवी महिलामा विकास भएको चेतना १८३२ मा आइपुग्दा नेदरल्याण्डको कपडा कारखानामा काम गर्ने श्रमिक महिला दासप्रथा विरोधी समाजको गठन गरी असमान व्यवहार र तलवका विरुद्ध आवाज उठाउन थाले।शोषणविरुद्ध सिंगो युरोपभरि नै औद्योगिक श्रमिक क्रान्तिको आँधी चल्यो।

सन् १९०८ मार्च ८ मा न्यूयोर्क सहरको गार्मेन्ट कारखानामा काम गर्ने महिलाहरु कारखानाका मालिक विरुद्ध सडकमा उत्रिएका थिए। न्यूयोर्कबाट उठेको श्रमिक महिलाहरुको आन्दोलन अमेरिकाको सहर हुँदै छोटो समयमा युरोपसम्म फैलियो। समान कामको समान ज्याला र कामको ८ घण्टा हुनुपर्ने मुख्य माग राखेर अमेरिकाको न्युयोर्क सहरमा उठेको श्रमिक महिलाहरुको आन्दोलनले संस्थागत स्वरुप पायो।२ बर्षपछि सन् १९१० मा कोपेनहेगनमा सम्पन्न अन्तर्राष्ट्रियस्तरको श्रमिक महिला  दिवसको रुपमा मनाउन क्लारा जेटकिनद्धारा राखिएको प्रस्ताव एकमतले पारित भयो। त्यसपछि विभिन्न देशमा विभिन्न कालखण्डमा अन्याय र शोषण  विरुद्ध महिलाहरुले ८ मार्च कै दिन पारेर आन्दोलन गर्ने थाले । यसरी मार्च ८ विश्वभरका श्रमिक महिलाले आफ्नो मुक्ति आन्दोलनको प्रतिकको रुपमा मनाउन थालेको ६५ वर्षपछि संयुक्त राष्ट्र संघले १९७५ आईपुग्दा त्यस वर्षलाई अन्तर्राष्ट्रिय महिला वर्ष, १९७७-८५ लाई महिला दशक घोषणा गर्दै मार्च ८ लाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रुपमा मनाउनको लागि आव्हान( घोषणा) गर्यो। श्रमबारे उठेको आन्दोलनलाई संयुक्त राष्ट्रसंघले वार्षिक कार्यक्रमका रुपमा अन्तर्राष्ट्रिय महिला दिवसको मान्यता दिएको हो।

नेपालमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसलाई आमनागरिकको तहमा मनाउन थालिएको चार दशक भयो। मार्च ८ लाई नेपालमा पहिलोपटक वि.स. २०१७ मा धनकुटाका केही शिक्षिकाले “आईमाई दिवस” को रुपमा मनाएको दस्तावेजमा पाईन्छ। वि.स. ०३३ सालबाट दरबारिया र घरानियाँ महिलाको नेतृत्वमा यस दिवसलाई “अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस” मनाईयो। तर, २०३६ सालमा श्रमिकको बीचमा नेपाल स्वतन्त्र मजदुर युनियनको गठन र २०३७मा शान्ता मानवीको संयोजकत्वमा अखिल नेपाल महिला संघको पुनर्स्थापना भएपछि मार्च ८ को विश्व इतिहासको मर्मसँग सामिप्यता राख्ने गरी देशव्यापी रुपमा  हरेक वर्ष यसलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रुपमा मनाउन थालियो। २०४६ को अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने बेला दुई दर्जनभन्दा बढी योद्धाहरुले सहादत प्राप्त गरिसकेका थिए।यो परिवेशमा ८ मार्चको संघर्षशील परम्परालाई संघर्षमै हुर्काउँदै ८०औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस देशैभरि जनआन्दोलनको रुपमा नै मनाईयो। सबै

क्षेत्रका सयौं महिला गिरफ्तार भए। तर आन्दोलनको नतिजा सुखद नै रह्यो। जनताले बहुदलीय व्यवस्था प्राप्त गरे।

वि.स. २०४७ मा सरकारी तहबाट यसलाई "महिला दिवस" भन्न थालियो। २०५८ सालमा राष्ट्रिय महिला आयोग गठन भएपछि २०५९ र २०६० मा आयोगकै तर्फबाट "श्रमिक महिला दिवस" को रुपमा मनाईयो। त्यसपछिका कहिले महिला दिवस र कहिले श्रमिक महिला दिवसका रुपमा मनाइयो। र अन्ततःश्रम कानुन २०२४ (दफा ४१) ले यस दिवसलाई "अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रुपमा किटान गर्यो। त्यसपछि यही वर्षबाट महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले समेत श्रम कानूनको व्यवस्थाअनुसार नै " अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस" को रुपमा मनाउने निर्णय गरे अनुसार हरेक वर्ष विभिन्न कार्यक्रम गरी मनाउँदै आईरहेको छ।

## नेपालको तथ्याङ्कमा महिला

- जनसंख्यामाः- ५१.०२%
- महिला साक्षरताः-६९.४%
- परिवारमा महिलाको नाममा रहेको घर वा जग्गा वा घरजग्गा दुबै रहेको: २३.८%
- महिला घरमुली परिवार : ३१.५५ % (कुल ६६ लाख ६६ हजार ९३७ परिवार)

## नेपालमा महिला सहभागिता २०७९ चुनाबमा

**१. क.राजनीतिक नेतृत्वमा महिला सहभागिता संघ र प्रदेशमा**

- राष्ट्रिय सभामाः- २१ जना
- प्रतिनिधि सभामाः- ८६ जना
- प्रदेश सभामाः-१४ जना
- प्रदेश प्रतिनिधि सभाः-६ जना

**२. ख. स्थानीय तहमा महिला सहभागिता**

- पालिका प्रमुख पदमाः-२५ जना (उम्मेदवारी १९८)
- पालिका उपप्रमुख पदमाः- ५३८ जना( उम्मेदवारी २०९४)
- वडा अध्यक्ष पदमाः- ५९जना (उम्मेदवारी ४७५)
- जम्मा महिला सदस्यः- १४२४२ जना (उम्मेदवारी ५५६९९)

## बेलका नगरपालिकामा महिला( कुल जनसंख्या ५१,०४३)

- महिला जनसंख्याः-२६,६४३ जना (५२.२%)
- महिला साक्षरता प्रतिशतः- ७१.४% (पुरुष ८४.२%, कुल साक्षरता ७७.५%)
- एकल महिला विधुवा प्रतिशतः-६.६%

- विवाहित महिला प्रतिशतः-६४.८% (कुल विवाहित महिला पुरुष ६१.९%)
- सम्बन्ध विच्छेद गर्ने महिला प्रतिशतः-०.२%
- अपाङ्गता भएको महिला प्रतिशतः-२.७%( पुरुष ३.३% कुल अपाङ्गता ३%)
- जन्मदर्ता भएको बालबालिका को प्रतिशतः- ७४.७% ( जन्मदर्ता नभएको २५.३%)
- बालबालिकाको कुल जनसंख्याः- १९४४३ जना , ३८% ( बालकको संख्या ९९८५(५१.३५%) बालिकाको संख्या ९४५७(४८.६४%))
- ज्येष्ठ नागरिकको जनसंख्याः-५५४८ जना ( महिला २८९४ जना पुरुष २६५४ जना)
- जननिर्वाचित महिला प्रतिनिधिः- १९ जना( हाल १८ जना)

## औचित्यः

हाम्रो देशको संविधान २०७२ प्रगतिशील छ। यसले हरेक नागरिकको समानताको अधिकार सुनिश्चित गर्दछ। संविधानको प्रस्तावनाको तेस्रो हरफममा सामन्ती, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सिर्जना गरेको सबै प्रकारका विभेद र उत्पीडिनका लागि जिम्मेवार छ भन्ने भुलेको स्थिति छ।यसमा पितृसत्तात्मक राज्यव्यवस्था समावेश गराउँदै हाम्रा नेतृत्वलाई आत्मसात गराई संविधान संशोधन गराउने जिम्मेवारी महिला आन्दोलनको छ। तर यसको साथसाथै कम्तीमा अहिले संविधानमा लेखिएका कुरा जस्तै हरेक व्यात्तिको सम्मानपूर्वक बाँच्न पाउने, स्वतन्त्रता र समानताहरु सुनिश्चित गर्नुपर्ने वातावरण बनाउन खवरदारी त्यतिकै जरुरी छ।हामिले सच्याउने भनेको जरामा हो, सोचमा हो। यही सोच सही भयो भने व्यवहार सही हुन्छ। संविधानमा, कानून, ऐन नियममा महिला र बालबालिका, अपाङ्गता भएका व्यात्ति तथा ज्येष्ठ नागरिकको लागि अधिकार, समानता, सशक्तिकरण र संरक्षण गर्नुपर्छ भनेर लेखिएको छ तर व्यवहारिकरुपमा लेखिएका कुराहरु लागु भएका छैनन्।राज्यको नेतृत्वतहदेखि जनसमुदाय र व्यात्तिको मानसिकतामा समानता र सशक्तिकरण हुन सकेको पाईदैन।जबसम्म देशका जनता/नागरिकले महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसंख्यक भनेको समान अधिकार प्राप्त गर्ने समुह हो।अधिकार प्राप्त भएको महसुस गराउन राज्यले यिनिहरुको सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रमा समानता सहितको सक्रिय र अर्थपूर्ण सहभागिता गराउनुपर्छ र त्यसको लागि सशक्तिकरण गर्नु आवश्यक छ भन्ने महसुस गर्दैन तवसम्म यो समानता र सशक्तिकरण बोलिमा र भाषणमा मात्रै सीमित रहन पुग्छ। मानसिकता र व्यवहारमा उस्तै पुरातन रहन्छन।

यस वर्षको यस वर्षको ८ मार्च अन्तर्राष्ट्रिय महिला दिवस को नारा 'कारबाहीलाई तीव्रता दिऔं भन्ने रहेको छ।यो नाराले लैंगिक समानताको दिशामा प्रगति गर्न थप सक्रिय कदम चाल्नुपर्ने आवश्यकतालाई जोड दिएको छ । विश्व आर्थिक मञ्चका अनुसार, वर्तमान प्रगतिका दरमा पूर्णलैंगिक समानता हासिल गर्न सन् २१५८ सम्म लाग्न सक्छ, जुन लगभग पाँच पुस्ताको समयावधि हो।त्यसैले, यस वर्षको थिमले समाजका सबै तहमा लैंगिक समानता प्राप्त गर्नका लागि कार्यहरूलाई तीव्रता दिनुपर्नेमा जोड दिएको छ।

अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा नेपाल र नेपाली महिलाका लागि एउटा अवसरका रुपमा लिन सकिन्छ। यस अवसरमा नेपालका महिलाहरूका लागि कार्यस्थलमा सुरक्षित वातावरण, समान ज्याला र नेतृत्वमा सहभागी गराउने कानुनी व्यवस्था कडाइका साथ लागू गर्न प्रेरित गर्ने कदम अगाडि बढाउन सकिन्छ ।यस अवसरमा घरेलु हिंसा, दाइजो प्रथा, बालविवाह, तथा यौनजन्य हिंसा रोक्न प्रभावकारी कार्यान्वयनप्रति सचेतना गर्दै कार्यक्रमहरू तर्जुमा गर्न सकिन्छ । त्यसैगरी महिलाहरूलाई उद्यमशीलतामा प्रोत्साहन गर्न पनि उत्ति नै आवश्यक छ ।विशेषगरी ग्रामीण क्षेत्रका महिलाहरूलाई साना तथा मध्यम व्यवसाय सञ्चालन गर्न सहुलियत ऋण, तालिम बजारको पहुँच उपलब्ध गराउने किसिमका अवसरको व्यवस्था गर्दै महिलाको कार्यबोझ कम गर्न सक्ने पारिवारिक र सामाजिक वातावरण तयार गर्न तर्फ पनि जोड दिन आवश्यक त्यस्तै बालविवाहको अन्त्य, प्राविधिक तथा उच्च शिक्षामा छात्रवृत्ति, तथा सीपमुलक अध्ययनमा प्रोत्साहन गर्न र यसका लागि सचेतना बढाउन आवश्यक हुन्छ ।

नेपालले नीति, शिक्षा, स्वास्थ्य, आर्थिक सशक्तीकरण र नेतृत्वमा महिलाहरूको सहभागिता बढाएर अन्तर्राष्ट्रिय महिला दिवसलाई मात्र नभई महिला समानताको लक्ष्यलाई वास्तविक कार्यान्वयनमा ल्याउन सक्छ र ल्याउनु पर्छ।त्यसको लागि सरकार, निजी क्षेत्र, गैरसरकारी संस्थाहरू र नागरिक समाजले मिलेर तीव्र कार्य गर्न आवश्यक छ ।

८ मार्च राजनीतिक रुपले महिला र पुरुषवीचमा रहेको असमान शक्ति सम्बन्धका कारण उत्पन्न महिलाको अवस्थालाई राजनीतिक रुपमा विश्लेषण गर्दै समाधान खोज्ने दिन हो।यसै सन्दर्भमा हरेक महिला र बालबालिकाले स्वास्थ्य, शिक्षा, काम, अवसर लगायत सबै क्षेत्रमा वरावरको मानव हो भनी आत्मसात गरेर मानव अधिकारको सुनिश्चित भएको अवस्था भएपछि मात्रै समानताको प्राप्ति हुन्छ समानताको लागि महिला र बालबालिकाको क्षमता विकास गरी सशक्तिकरण गर्न आवश्यक हुन्छ र सोका लागि समुदायतहदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहसम्म श्रमजीवि महिलाहरुको आन्दोलन निर्माण दिन हो। तुलनात्मक रुपमा हेर्दा राज्यको हरेक निकायमा महिलाको सहभागिता त देखिन्छ तर सहभागी भएको महिलाको कार्यस्थलमा महिलाको क्षमता माथिको प्रश्नचिन्ह अझै हटेको पाईदैन।महिला भएकै कारण जिम्मेवारी दिन हिच्किचाउने चलन/मानसिकता राजनीतिक, प्रशासनिक लगायत हरेक ठाउमा देखिन्छ। बेलका नगरपालिकामा जननिर्वाचित महिला १९ जना भएतापनि पालिकाको महत्वपूर्ण निर्णय गर्ने पदमा महिला छैनन। सहभागिताको रुपमा महिला छन तर निर्णय महिलाको त्यहा सुनिदैन।स्थानीय सरकार संञ्चालन ऐन, २०७४ व्यवस्था भएअनुसार कार्यपालिकाले गठन गर्ने विषयगत क्षेत्रगत समितिमा एक जना पनि महिला कार्यपालिका सदस्य सो समितिको संयोजक नहुनु जवकी कार्यपालिकामा नगरउपप्रमुख वाहेक ६ जना महिला सदस्य रहेको छ।सन् १९१०-११मा यो दिनको सुरुवात गरने क्लारा जेट्किन लगायतका सबै महिलाहरुका लागि यो दिन तत्कालिन जार, पुँजीवाद, सामन्तवादबाट जकडिएका सवै रङ्ग, धर्म, समुहका महिलाहरुले एक मानवको रुपमा बाँच्न पाउने अवस्था सिर्जना गर्ने सङ्घर्षलाई विश्लेषण गर्ने र उचाईमा पुर्याउने रणनीतिक दिनको रुपमा

थियो। अहिले शोषकको रुपमा अनुहार फेरिएका छन तर महिला माथि हुने शोषण फेरिएको छैन। त्यसैले यो दिनलाई यो वर्ष महिला र बालबालिकाको अधिकार समानता र सशक्तिकरण लागि तत्काल काम अगाडी बढाउन दवाव दिने अभिप्रायले **सबै महिला तथा बालबालिकाको लागिः अधिकार, समानता र सशक्तिकरण**" भन्ने नारा लिएर देशव्यापी रूपमा सहित बेलका नगरपालिकामा संविधानले महिला र बालबालिकाको लागि मौलिक हकको रुपमा दिएको हकको कार्यान्वयनार्थ सुरक्षित र मर्यादित महिनावारी, मातृतथा शिशु स्वास्थ्य, बालबालिकाको संस्थागत सहभागिता, बालविकास र बालसंरक्षणलाई सुनिश्चित गर्नका लागि सेनेटरी रिफ्रेसमेन्ट सेन्टर, स्तनपानकक्ष, बालमैत्री सिकाई सूचना केन्द्रको उद्घाटन सहित अन्तरक्रिया र खुल्ला रक्तदान कार्यक्रम आयोजना गरेको छ।

## उदेश्य

प्रत्येक वर्ष मार्च ८ का दिन संसारभर अन्तर्राष्ट्रिय महिला दिवस विशेषतः महिलाको अधिकार, समानता, सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक उपलब्धिहरूलाई सम्मान गर्ने उद्देश्यले यो दिवस मनाइने गरिन्छ लैंगिक समानता र महिलाका अधिकारको प्रवर्द्धन, महिलाहरूको उपलब्धिलाई सम्मान गर्ने, महिला सशक्तीकरणलाई प्रोत्साहन गरी समाजमा रहेको लैंगिक भेदभाव हटाउने।

## कार्यक्रम

१. सेनेटरी प्याड रिफ्रेसमेन्ट सेन्टर तथा स्तनपानकक्ष बालमैत्री सूचना/सिकाई केन्द्रको उद्घाटन।
२. खुल्ला रक्तदान कार्यक्रम (रगतसँग महिला डराउछन, कमजोर छन हुन्छ भन्ने भ्रम हटाउन।)

...........................

जीरा राई

नगर उपप्रमुख